आज मिति २०७४ असोज ९ गते, सोमबार विहान ७:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप–प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. सदस्य सचिव श्री रोहित राज पोखरेल

विषयहरु :-

१. नगर शिक्षा समिति गठन बारे ।

२. कृषि समिति गठन बारे ।

३. विश्व पर्यटन दिवसको कार्यक्रम ।

४. भक्तपुर मासिक पत्रिकाको प्रकाशन परिमाण बारे ।

५. विविध ।

**निर्णयहरु :-**

१. शिक्षा ऐन २०२८ (संशोधन सहित) को दफा ११ (ट) को प्रावधान अनुरुप यस नगरपालिकामा नगर शिक्षा समिति गठन गर्ने सम्बन्धमा जिल्ला शिक्षा कार्यालय, भक्तपुरबाट मिति २०७४।५।३० गते प्रेषित पत्र अनुसार नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको संयोजकत्वमा निम्न पदाधिकारीहरु रहने गरी भक्तपुर नगरपालिका नगर शिक्षा समिति गठन गर्ने निर्णय गरियो :

संयोजक : सुनिल प्रजापति – प्रमुख, भक्तपुर नगरपालिका

सदस्य : रजनी जोशी – उप प्रमुख, भक्तपुर नगरपालिका

सदस्य : उकेश कवां – वडा अध्यक्ष, भक्तपुर नगरपालिका

सदस्य : योगेन्द्रमान बिजुक्छे – संस्थागत विद्यालयका प्रअहरुको तर्फबाट प्रतिनिधि

सदस्य : तीर्थलक्ष्मी धन्छा – सामुदायिक विद्यालयका प्रअहरुको तर्फबाट प्रतिनिधि

सदस्य : विद्यालय निरीक्षक

२. यस नगरपालिका क्षेत्रमा कृषि तथा पशु पन्छी सम्बन्धी आवश्यक व्यवस्था गर्न वडाअध्यक्ष राजकृष्ण गोराको संयोजकत्वमा निम्न बमोजिमका सदस्यहरु रहने गरी कृषि समिति गठन गर्ने निर्णय गरियो :

संयोजक : राजकृष्ण गोरा – वडा अध्यक्ष, भ.न.पा. ३

सदस्य : लक्ष्मी प्रसाद ह्यौंमिखा – वडा अध्यक्ष, भ.न.पा. १०

सदस्य : हरिराम सुवाल – वडा अध्यक्ष, भ.न.पा. ६

सदस्य : कृष्णलक्ष्मी दुवाल – कार्यपालिका सदस्य

सदस्य : सुनिता प्रजापति (अवाल) – कार्यपालिका सदस्य

३. ३८ औं विश्व पर्यटन दिवसको अवसरमा यही २०७४ असोज ११ गते भक्तपुरको खौमा काउण्टरबाट नगर प्रवेश गर्ने पर्यटकहरुको पहिलो टोलीलाई नगरपालिकाका प्रमुख सुनिल प्रजापतिबाट स्वागत गर्ने निर्णय गरियो । उक्त कार्यक्रममा नगरपालिकाका कार्यपालिका सदस्यहरु, कार्यकारी अधिकृत र पर्यटक सेवा केन्द्रका कर्मचारीहरु सहभागी हुने निर्णय गरियो :

समय : विहान ७:३० बजे

स्थान : खौमा पर्यटक काउण्टर, दरवार क्षेत्र

उक्त कार्यक्रममा धिमे बाजा र माक प्याखँ प्रस्तुत गर्ने निर्णय गरियो ।

४. यस नगरपालिकाको तर्फबाट निरन्तर प्रकाशित हुंदै आएको 'भक्तपुर' मासिक पत्रिका वितरणका लागि अपुग भएकोले पूर्णांक २४७ अंकदेखि २ हजार प्रति प्रकाशन गर्ने निर्णय गरियो ।

५. विविध विषयमा छलफल हुंदा देहाय अनुसार गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिका वडा नं. ५ स्थित भेलुखेलमा आयोजना गरिने ३७ औं नेपाल भाषा साहित्य तःमुज्यालाई नगद रु.५०,०००।- (पचास हजार रुपैयाँ) प्रदान गर्ने निर्णय गरियो ।

६. विभिन्न समितिको देहाय वमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

वातावरण तथा पर्यटन समिति :

मिति २०७४।६।८ गते बसेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिकाको आयोजनामा प्रत्येक महिनाको १ गते र १५ गते नगर क्षेत्रका ऐतिहासिक, साँस्कृतिक एवं सार्वजनिक स्थलहरुमा नियमित रुपमा सरसफाई तथा हरियाली क्षेत्र प्रवर्द्धन गर्दै आएकोमा यही २०७४ असोज १५ गते भक्तपुर न.पा.वडा नं. १ स्थित भाज्या पुखु सरसफाई गर्ने निर्णय गरियो :

समय : विहान ७:०० बजे

ख. ३८ औं विश्व पर्यटन दिवसको अवसरमा यही २०७४ असोज ११ गते विहान ७:३० बजे भक्तपुरको खौमा काउण्टरबाट भित्रिने पर्यटकहरुको पहिलो टोलीलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिज्यूबाट पुष्प गुच्छा र मायाको चिनो दिएर स्वागत गर्ने र उक्त कार्यक्रममा धिमे बाजा/बाँसुरी बाजा र माक प्याखँ/लाखे प्याखँ प्रदर्शन गरिने निर्णय गरियो ।

ग. भक्तपुर नगर क्षेत्रमा गरिंदै आएको सरसफाई कार्यलाई थप प्रभावकारी बनाउन तथा कुनै ३ वटा वडामा एकीकृत फोहरमैला व्यवस्थापन कार्यको पाइलट प्रोजेक्ट संचालन गर्न निम्न बमोजिमका सामाग्रीहरु खरिद गर्न जिन्सी शाखालाई निर्देशन दिने निर्णय गरियो :

तपसिल

| क्र.सं. | सामाग्रीको विवरण | आवश्यक परिणाम |
|---|---|---|
| १ | कम्पोष्ट बिन | १५०० थान |
| २ | रातो बाल्टिन (विर्कोसहित खुट्टाले खोल्ने) | ६००० थान |
| ३ | हरियो बाल्टिन (विर्कोसहित खुट्टाले खोल्ने) | ६००० थान |
| ४ | बोरा (भक्तपुर नगरपालिकाको लोगो सहितको) | ६००० थान |
| ५ | कोदाली (ठूलो बिंड सहित) | १० वटा |
| ६ | खुर्पी (जीआइ पाइपको बीडसहित) | २० वटा |
| ७ | हँसिया बाक्लो (जीआइ पाइपको बींडसहित) | २० वटा |

| | | |
|---|---|---|
| ८ | बाल्टिन प्वाल नभएको (शौचालय र टिपनटापनको लागि) | १०० वटा |
| ९ | खुर्पा लामो | १० वटा |
| १० | पोखरी सफा गर्न बींडसहितको बकेट जाली | २० वटा |
| ११ | काँको (दाँते) | ५ वटा |
| १२ | फोहर बोक्ने गाडा (हाते गाडा) | १० वटा |
| १३ | सार्वजनिक स्थलमा राख्ने डस्ट विन | ५० थान |

घ. नेपाल सरकार खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भक्तपुरद्वारा मिति २०७४।६।४ गते प्रेषित नगरपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन, पुनः गठन सम्बन्धी पत्रबारे छलफल हुंदा अर्को बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

**युवा तथा खेलकुद समितिः**

मिति २०७४।६।८ गते बसेको युवा तथा खेलकुद समितिका निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

क. भक्तपुर जिल्ला भलिबल संघको आयोजनामा २०७४ भाद्र २६-३० गतेसम्म भएको प्रशिक्षक भलिबल रेफ्री कोर्षको लागि रु.५,०००।- (अक्षरेपी पांच हजार) आर्थिक सहयोग गर्ने ।

ख. जनसेवा विकास मण्डलको आयोजनामा २०७४ असोज ५,६ र ७ गते भएको भक्तपुर जिल्लाव्यापी फुटसल प्रतियोगिताको लागि रु.५,०००।- (अक्षरेपी पांच हजार) आर्थिक सहयोग गर्ने ।

ग. भक्तपुर जिल्ला टेबुल टेनिस संघको आयोजनामा यही २०७४ भाद्र १६-१८ गतेसम्म भएको भक्तपुर जिल्लाव्यापी नवौं अन्तर विद्यालय रनिङ्ग शिल्ड टेबुल टेनिस प्रतियोगिताको लागि रु.५,०००। (अक्षरेपी पांच हजार) आर्थिक सहयोग गर्न भ.न.पा. बोर्ड बैठमा पेश गर्ने निर्णय गरियो । साथै भक्तपुर चेस क्लवलाई पनि राष्ट्रिय र्‍यापिड बुद्धिचाल प्रतियोगिता २०७४ का लागि रु. ५,०००।- (अक्षरेपी पांच हजार) आर्थिक सहयोग गर्ने ।

७. उपभोक्ता समिति गठन सम्बन्धमा छलफल हुंदा देहाय अनुसार गर्ने निर्णय गरियो :

क. योजनाको नाम : भ.न.पा. वडा नं. ४ वाइमलास्थित बाटो ईटा छपाई काय

**पदाधिकारीहरुको नाम**

अध्यक्ष श्री कृष्ण राम बोहजु

सचिव श्री सरोज मानन्धर

कोषाध्यक्ष श्री मनिषा साखकर्मी

सदस्य श्री कान्छा बमनु

सदस्य श्री राज्यलक्ष्मी तुकंबन्जार

सदस्य श्री मैयादेवी ध्वोजु

सदस्य श्री हरि प्रसाद बाईजु

सदस्य श्री राजु बमनु

सदस्य श्री गणेशभक्त भुजु

८. पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुंदा भ.न.पा.वडा नं. २, ठूलो व्यासीस्थित कासन जाने बाटोमा दाफा पाटी पुनः निर्माण कार्यको लागि छुट्याइएको रु.१३,९८,०४२।... पैसा बराबरको ल.ई. २०७३।६।१ गतेको बैठकबाट स्वीकृत भई मिति २०७४।२।२७ गतेदेखि समितिका अध्यक्ष श्री लक्ष्मी नारायण सुवालले शुरु गरी मिति २०७४।५।२६ गते थप पेश्की पाऊं भनी रु.८,३१,३०५। बराबरको फांटवारी पेश गरेको योजनाको स्थलगत नाप जांच गरी मूल्यांकन गर्दा सामानतर्फ रु.७,१५,१२४।७३ र ज्यालातर्फ रु.२,६७,२५५।९५ र भ्याट रु.२६००।०० गरी जम्मा रु.९,८४,९८०।६ पैसा हुन आएको हुंदा निवेदक श्री लक्ष्मी नारायण सुवाललाई पहिलो पेश्की रकम रु.६,००,०००।- कट्टी गरी उक्त योनजालाई छुट्याइएको रकम मध्येबाट रु.२,३१,३०५।०० भुक्तानी हुन तथा पुनः रु.२,००,०००।- थप पेश्की दिने निर्णय गरियो ।

९. यस कार्यालयको वडा नं. ९ स्थित दत्तात्रय स्थानमा गाईजात्रा पर्व घुम्ती स्वयंसेवक मूल्यांकन गर्न वडा सचिव पुण्यराम लाखाले रु.८०,०००।- पेश्की लिई कार्यक्रम सम्पन्न पछि रु.७३,५००।- बराबरको खर्च र बांकी १६,५००।- बैंक दाखिला गर्नु भएको हुंदा निजको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

१०. यस कार्यालयमा पदाधिकारी बहाली भएको १०० दिन पुगेको अवसरमा आयोजित कार्यक्रमको क्रममा आवश्यक खाजा चिया व्यवस्था गरेको खर्च रु. १,२९,१२५।- बराबर समर्थन गरी स्टार बैंक्वेटलाई भुक्तानी दिने निर्णय गरियो ।

११. यस नगरपालिकाको मंचको साइज अनुसारको कार्पेट र आवश्यक पर्दाको व्यवस्था गर्ने ।